नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Pretoria,
The Republic of South Africa

## राहदानी सेवाको अन्तरिम व्यवस्थापन सम्बन्धी
## जरूरी सूचना

वि.सं. २०८३ जेठदेखि राहदानी सेवाको प्रणालीगत वदलीकरण सुरूवात हुने तयारी भैरहेकोले सो संक्रमणकालीन अवस्थामा प्राविधिक कारणवश प्रणाली स्थिरीकरणमा लाग्नसक्ने समयसमेतलाई दृष्टिगत गरी २०८३ असोजभित्र राहदानी नवीकरण गर्नुपर्ने अवस्था भएमा २०८३ वैशाख मसान्तसम्ममा आवेदन गरी राहदानी सेवा लिन सम्बन्धित सबैमा अनुरोध गर्दै २८ फागुन २०८२ मा राहदानी विभागले जारी गरेको जरूरी सूचना दक्षिण अफ्रिका तथा यस राजदूतावास सहप्रमाणीकरण रहेका मुलुकमा रहनुभएका सम्बन्धित सबै नेपालीहरूमा जानकारीको लागि अनुरोध गरिन्छ ।

यस सम्बन्धमा थप जानकारीका लागि यस राजदूतावासमा तपसिलको सम्पर्क विवरणमा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छः

**१. राजदूतावासको सम्पर्क विवरणः**

ईमेलः eonpretoria@mofa.gov.np / eonpretoria@gmail.com

टेलिफोन नं. +27 (0)12 342 7546

२. काउन्सेलर — श्री रमेशकुमार चर्मकारः +27794225727 (WhatsApp)

३. सहचारी — श्री दिपक खत्रीः + 27764998665 (WhatsApp)

नेपाली राजदूतावास प्रिटोरिया

२०८२/१२/०२

976 Francis Baard Street, Arcadia, Pretoria 0083; Tel: 012 342 7546; Fax: 012342 3619
E-mail: eonpretoria@mofa.gov.np

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
राहदानी विभाग
त्रिपुरेश्वर, काठमाडौं

NS/ISO 9001:2015 प्रमाणीकृत नेपालको पहिलो सरकारी निकाय
"गुणस्तरीय, पारदर्शी एवं सेवाग्राहीमैत्री सेवा"

प.सं.- डि.ओ.पी/एड्मीन-०४
च.नं.- १३६१

मिति- २०८२।११।२९

नेपाल सरकार परराष्ट्र मन्त्रालय राहदानी विभाग काठमाडौं

श्री सबै जिल्ला/इलाका प्रशासन कार्यलयहरु
श्री विदेशस्थित सबै नेपाली नियोगहरु

विषयः अन्तरिम अवस्थामा राहदानी सेवा व्यवस्थापन सम्बन्धमा ।

राहदानी खरिदका लागि नयाँ आपूर्तिकर्तासँग सम्झौता गरी नयाँ प्रणालीमार्फत राहदानी जारी गर्न राहदानी प्रणाली, राहदानी पुस्तिका लगायतका आवश्यक तयारी गरिसकेको र सम्भवतः २०८३ जेठ महिनामा हालको प्रणालीबाट नयाँ प्रणालीमा राहदानी सेवा रुपान्तरण हुने छ । उक्त अन्तरिम समयमा प्रणाली स्थिर भै नसक्ने र सेवा प्रवाहमा सानातिना समस्या आउन सक्ने र पूर्ण क्षमतामा नचल्न सक्ने भएकोले अन्तरिम अवस्थाहरुको बारेमा जानकारी गराउँदै आगामी छ महिनासम्म अर्थात २०८३ असोज भित्रमा राहदानी आवश्यक पर्न सक्ने सेवाग्राहीहरुले अन्तरिम अवस्था शुरु हुनु अगावै नियमानुसार सम्बन्धित जिल्ला/इलाका प्रशासन कार्यालय वा विदेशस्थित नेपाली नियोग वा राहदानी बिभागबाट समयमै राहदानी सेवा लिनको लागि अनुरोध गरी यस विभागले जारी गरेको सूचना यसैसाथ संलग्न छ ।

तसर्थ, यस सम्बन्धमा तहाँ कार्यालयहरुबाट समेत आवश्यक प्रचार-प्रसार गरी २०८३ असोजसम्म राहदानी बनाउनुपर्ने सेवाग्राहीलाई उक्त अन्तरिम अवधि अगावै अर्थात २०८३ बैशाख मसान्त भित्रै आवेदन दिई राहदानी सेवा लिन आग्रह गर्ने व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छ ।

(सोमेश थापा)
निर्देशक

नेपाल सरकार
परराष्ट्र मन्त्रालय

# राहदानी विभाग

त्रिपुरेश्वर, काठमाडौं

## अन्तरिम अवस्थामा राहदानी सेवा व्यवस्थापन सम्बन्धमा

## जरुरी सूचना

राहदानी विभागले राहदानी खरिदका लागि नयाँ आपूर्तिकर्तासँग सम्झौता गरी नयाँ प्रणाली मार्फत राहदानी जारी गर्न राहदानी प्रणाली, राहदानी पुस्तिका लगायतको आवश्यक तयारी गरिसकेको जानकारी गराउँछौं । अबको एक-दुई महिना भित्रमा हालको प्रणालीबाट नयाँ प्रणालीमा बदली (Switch) हुने र उक्त अन्तरिम अवस्थामा प्रणाली स्थिरीकरण (Stabilization ) नभएसम्म देहायको अवस्था हुन सक्ने देखिएको छः-

क) जिल्ला/इलाका प्रशासन तथा विदेशस्थित नेपाली नियोगबाट प्रदान गरिने राहदानी सेवा १ देखि ३ हप्तासम्म बन्द हुन सक्ने ।

ख) राहदानी विभागबाट प्रदान गरिने राहदानी सेवा करिब १ हप्तासम्म बन्द हुन सक्ने ।

ग) नयाँ प्रणाली कार्यान्वयन भएपश्चात् प्रणाली स्थिरीकरण (Stabilization) हुन १ देखि ३ महिना सम्म लाग्ने भएकोले उक्त अन्तरिम अवधिमा जिल्ला/इलाका प्रशासन कार्यालय तथा विदेशस्थित नेपाली नियोगबाट आवेदन दिंदा राहदानी तयार भई जारी हुन हालको भन्दा बढी समय लाग्न सक्ने ।

अतः उक्त अवस्थालाई मध्यनजर गर्दै आगामी ६ महिनासम्म (अर्थात् २०८३ असोज भित्रमा) राहदानी आवश्यक पर्न सक्ने सेवाग्राहीले अन्तरिम अवस्था शुरु हुनु अघि नै नियमानुसार सम्बन्धित जिल्ला/इलाका प्रशासन कार्यालय वा विदेशस्थित नेपाली नियोग वा राहदानी विभागबाट राहदानी सेवा लिनु हुन हार्दिक अनुरोध छ ।

साथै नयाँ प्रणाली शुरु हुने मिति तथा उक्त अवधिमा गरिने व्यवस्थाका सम्बन्धमा अर्को सूचना मार्फत जानकारी गराइने बेहोरा समेत सादर अनुरोध छ ।

राहदानी विभाग

मितिः-२०८२ फागुन २८ गते